**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१२।२० र २१ गतेको ४९ र ५० औं बैठकका निर्णयहरुः**

१. हेकबारी हात्तिकोट खानेपानी तथा सरसफाई उपभोक्ता समितिका मागहरुका बारेमा छलफल गरियो उक्त खानेपानी आयोजनालाई दिगो रुपमा सञ्चालन गर्न आगामी दिनमा थप पहलगर्ने निर्णय गरियो ।

२. तिनाउ गाउँपालिकाले आगामी दिनहरुमा कुनै पनि राजनितिक दल वा तिनका भातृ वा भगिनी संगठनहरुलाई आगामी दिनमा कुनै अनुदान तथा आर्थिक सहयोग प्रदान नगर्ने निर्णय गरियो ।

३. वडा नं. ३ हुग्सेघाट क्षेत्रमा जग्गाधनी श्रीसरा क्षेत्रीको स्वामित्वमा रहेको कित्ता नं. ४३० क्षेत्रफल ९-१३-१-१ को जग्गा सम्माउने कामको लागि जग्गा धनी गह्रा सुधार गर्न तयार भै यस कार्यपालिकामा प्रस्तुति तथा पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधि आजको मितिले ३ वर्ष सम्म हुने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

४. आगामी दिनहरुमा आउन सक्ने विपदबाट गाउँपालिकाको विपद संवेदनशिल क्षेत्रलाई जोगाइ सुरक्षित राख्न तपशिल अनुसारका क्षेत्रहरुमा तत्काल कार्य अँगाडी बढाउने निर्णय गरियो । सो रकम पालिका स्तरीय विपद व्यवस्थान शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | विपद् जोखिम क्षेत्र | वडा नं. | अनुमानित रकम |
|---|---|---|---|
| १ | बाँध खोला काठे पुल मर्मत | १ | २०,०००।- |
| २ | पिप्यङदी खोला काठे पुल मर्मत | १ | ४०,०००।- |
| ३ | गैरी काठेपुल मर्मत | १ | ४०,०००।- |
| ४ | रानीबगिया झिङ्गामारा सडक मर्मत | १ | २०,०००।- |
| ५ | ताल रिङरोड सडक मर्मत | १ | ५०,०००।- |
| ६ | छत्तिवन ताल ओखलढुङ्गा सडक मर्मत | १ | ७०,०००।- |
| ७ | खुर्सानी कचल सडक मर्मत | १ | १,००,०००।- |
| ८ | छत्तिवन झोलुङ्गे पुल जाने सडक मर्मत | १ | २५,०००।- |
| ९ | अनन्ठा खानेपानी निर्माण | १ | २,२०,०००।- |
| १० | झुसिले घाट झोलुङ्गे पुल मर्मत | १ | २५,०००।- |

| क्र.सं. | विपद् जोखिम क्षेत्र | वडा नं. | अनुमानित रकम |
|---|---|---|---|
| ११ | वडा नं. १ का विभिन्न निजि जग्गा संरक्षण गर्न तारजाली खरिद | १ | ५,००,०००।- |
| १२ | पाशकुण्डा डोलमा तटबन्ध गरी बस्ती संरक्षण गर्ने | २ | ७,०००००।- |
| १३ | गणेश टोल झोलुङ्गे पुल मर्मत | २ | २५,०००।- |
| १४ | तिनाउ २ आँखा अस्पताल नजिकको पुरानो रुख कटान गर्ने | २ | ५०,०००।- |
| १५ | झुम्सा कुलो संरक्षण | ३ | ३५,०००।- |
| १६ | चन्द्र प्रकाशको जग्गा संरक्षण | ३ | ६५,०००।- |
| १७ | श्रीडाँडा पहिरो नियन्त्रण | ३ | १,००,०००।- |
| १८ | तरिका गैरा कुलो संरक्षण | ४ | ३०,०००।- |
| १९ | ल्हुङतुङ खोला झोलुङ्गे पुल मर्मत | ४ | १०,०००।- |
| २० | चरचरे झोलुङ्गे पुल मर्मत | ५ | ५०,०००।- |
| २१ | केराबारी बस्ती संरक्षण | ५ | २,००,०००।- |
| २२ | गिट्टीखानी खोल्सा संरक्षण | ५ | २,००,०००।- |
| २३ | बाह्रबिसे झोलुङ्गे पुल मर्मत | ६ | ५०,०००।- |
| २४ | डुम्रे मस्याम सडक खण्डको कोश मोड नजिक र काभ्रे गैरामा ग्याविङ निर्माण | ६ | ३,००,०००।- |
| २५ | मरेक सिस्नेखोला सडक खण्डको सागुरे गौडा ग्याविङ निर्माण | ६ | २५,०००।- |
| २६ | बाजाबारी जैसिटोलामा ग्याविङ निर्माण | ६ | १,५०,०००।- |
| २७ | मस्याम मा.वि. का विभिन्न संरचना मर्मत | ६ | १,००,०००।- |
| | जम्मा | | ३२,००,०००।- |

५. यस गाउँपालिका भित्र गर्भवतीहरुलाई अल्ट्रासाउण्ड प्रविधीबाट गर्भ जाँच गराई गर्भाअवस्थामा देखिएका समस्याहरुलाई समयमै समाधान गर्न आगामी आर्थिक वर्ष अल्ट्रासाउण्ड मेशिन खरिद गर्न स्रोत सुनिश्चितता गर्ने निर्णय गरियो ।

६. आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम तयारी सम्बन्धमा छलफल गरियो । आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम तयारी सम्बन्धमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी

गरेका मापदण्ड तथा मार्गदर्शनहरुको बारेमा जानकारी प्राप्त गरीयो । आगामी आर्थिक वर्षको यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यी मापदण्ड तथा मार्गदर्शनलाई पालना गर्ने निर्णय गरियो ।

७. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था बमोजिमका यस गाउँपालिकाका समितिहरुलाई निरन्तरता दिने निर्णय गरियो । पूर्वगठित बजेट तथा कार्यक्रम तर्जुमा समितिको सदस्य सचिवको रुपमा तोकिएका शिव आत्रेको सट्टा यस गाउँपालिकाका लेखापाल श्री सुनिल के.सी. लाई बजेट तथा कार्यक्रम तर्जुमा समितिको सदस्य सचिव तोक्ने निर्णय गरियो ।

८. आर्थिक वर्ष २०८१/८२ को लागि राजस्व प्रक्षेपण र करका दरमा हेरफेर गर्न तथा चालु आर्थिक वर्षको हालसम्म संकलन भएको कर संकलनको समिक्षा गरी प्रतिवेदन पेश गर्न यस गाउँपालिकाको राजस्व परामर्श समितिलाई जिम्मा दिने निर्णय गरियो ।

९. ब्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न सबै वडा कार्यालयहरु मार्फत सुचना प्रचार प्रसार गर्ने निर्णय गरियो ।

१०. कृषि विकास समिति गठन तथा परिचालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

११. वडा कार्यालयहरुको सेवाप्रवाहका बारेमा छलफल गरियो । हाल सबै वडाहरुमा वडा सचिवहरुको पदपूर्ति हुन नसकेकोले वडा कार्यालयको कार्यसम्पादनमा ढिलासुस्ती भएकोले कर्मचारी पदपुर्ति गर्न सम्बन्धित निकायमा पहल गर्ने । हाल मौजुदा रहेका प्राविधिक तथा अन्य कर्मचारीहरु मध्येबाट वडा सचिवको व्यवस्था मिलाउने निर्णय गरियो ।

१२. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ संशोधन सहितको दफा १२ को उपदफा (७) बमोजिम सडक निर्माण वा विस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको परीमाणका आधारमा लाग्ने बिक्रि मूल्य वापतको रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिनेछ भन्ने व्यवस्था अनुसार यस गाउँपालिका भित्र निर्माणाधिन विभिन्न आयोजनाहरुलाई पटक पटक रकम बुझाउन अनुरोध गर्दा हालसम्म बुझाउन नआएको तथा नबुझाउने मनस्थिति देखाएकोले उक्त रकम गाउँपालिकाले प्राप्त गर्न उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा नियमानुसार रिट दायर गर्ने निर्णय गरियो ।

१३. गाउँकार्यपालिका तथा वडा कार्यालयहरुको कार्य सम्पादनलाई मर्यादित र पारदर्शि बनाउन गाउँकार्यपालिका र सम्पूर्ण वडा कार्यालयहरुमा अब आइन्दा टोकन प्रणाली लागू गर्ने निर्णय गरियो ।

१४. यस आर्थिक वर्ष लघुउद्यम कार्यक्रम अन्तर्गत सबै वडाहरुबाट हाते टयाक्टर मर्मत सम्बन्धी तालिम लिन इच्छुक नयाँ उद्यमीहरु सिर्जना गर्न प्रत्येक वडा बाट ५ जना उद्यमीहरु माग गर्ने निर्णय गरियो । साथै यो कार्यक्रम सञ्चालन गर्न १ जना उद्यम विकास सम्बन्धी तालिम प्राप्त गरेको व्यक्तिलाई सहज कर्ताको रुपमा काम लगाउने निर्णय गरियो ।